HUMAN RIGHTS WATCH

www.hrw.org

# नेपाल : प्रहरी हिरासतमा बालबालिकामाथि हुने यातना अन्त्य गर् । दुर्व्यवहारको समाचारको मारमा नेपाली बाल दिवस

(न्यूयोर्क, नोभेम्वर १८, २००८/ मंसिर ३, २०६५) – नेपाल सरकारले प्रहरी हिरासतमा बालबालिकामाथि भैरहेको व्यापक दुर्व्यवहार र यातनालाई तत्काल सम्वोधन गर्नुपर्दछ, मंसिर ५ गते पर्ने नेपाली बाल दिवस मनाउने क्रममा आज जारी गरिएको वक्तव्यमा ह्युमन राईट्स वाचले उल्लेख गरेको छ । वर्ष २००८ मा हालसम्म ह्युमन राईट्स वाचले वालवालिकाविरुद्ध नेपाली प्रहरीले गरेको यातना वा दुर्व्यवहारका २०० भन्दा बढी घटनाहरुको भरपर्दो उजुरीहरु प्राप्त गरेको छ, जसमा केही वालवालिका १३ वर्ष सम्मका छन् ।

“नेपाल प्रहरीको बालबालिकाको संरक्षण गर्ने र अपराध रोक्ने कर्तव्य रहेको छ ।”, ह्युमन राईट्स वाचका बाल अधिकार विभागका एसिया अनुसन्धानकर्ता बेड् शेप्पर्ड बताउँछन् । “त्यसको सट्टा, बालबालिकाहरुलाई हिरासतमा यातना दिई प्रहरीले आफुबाट जसको संरक्षण हुनुपर्ने हो उनिहरुकै विरुद्धमा अपराध गरिरहेका छन् ।”

वालवालिकासंगको प्रत्यक्ष कुराकानीलगायत बहुसंख्यक विश्वसनीय र भरपर्दा प्रतिवेदनअनुसार, प्रहरीले बालबालिकाविरुद्ध व्यापक मात्रामा प्रयोग गर्ने यातनाको तरिकाहरुमा लात्तीले हान्ने, शरीरमा मुड्कीले हान्ने, बालबालिकाहरुको खुट्टाको नङहरुमा धातुका किलाहरु घुसाउने तथा पैताला, तिघ्रा, पाखुरा, हातको माथिल्लो भाग तथा ढाडमा बाँसका लठ्ठी र प्लाष्टिक पाइपहरुले हान्नेलगायतका कार्यहरु पर्दछन् ।

प्रहरीद्वारा दुर्व्यवहार गरिएका अधिकांश बालबालिकाहरु साना अपराधहरु संलग्न भनी शंका गरिएका वा सडकमा बस्ने वा काम गर्ने बालबालिकाहरु हुन् ।

“कहिलेकाहि बालबालिकालाई अपराध कबुल गराउन यातना दिएको देखिन्छ भने अन्य समयमा विशुद्ध रुपमा अधिकारीहरुको मनोरञ्जनको लागि मात्र यातना दिइएको देखिन्छ”, शेप्पर्डले बताए ।

नेपालको संविधानमा यातनालाई निषेध गरिएको छ तर मुलुकी ऐनमा यसलाई अपराधका रुपमा परिभाषित गरिएको छैन । तथापी बालबालिका सम्वन्धि ऐनको दफा ७ अनुसार बालबालिका विरुद्धको यातना गैरकानूनी हो । यद्यपी अधिकतम सजाय भनेको एक वर्ष कैद र जरीवाना मात्र हो ।

ह्युमन राईट्स वाचका अनुसार बालबालिका विरुद्ध प्रहरी हिरासतमा हुने दुर्व्यवहारको व्यापकताका वावजुद हालसम्म कुनै पनि सरकारी अधिकारीविरुद्ध बालबालिकालाई दिएको यातनाका लागि बालबालिका सम्वन्धि ऐन अन्तर्गत मुद्दा चलाईएको छैन ।

"सामान्य फौजदारी कानूनमा यातनालाई अपराधको रुपमा मान्यता नदिएको मुलुक पाउनु अनौठो हो ।", शेप्पर्ड भन्छन् । "प्रहरी हिरासतमा यातनाको उजुरीहरुको विश्वसनीय प्रकृति र व्यापकता तथा बालबालिकासम्वन्धि ऐनले बालबालिकालाई यातना दिनेहरुलाई कारवाही गर्न सरकारलाई अधिकार दिएको अवस्थामा, कुनै एकजना मात्र प्रहरी अधिकारीलाई पनि यो अपराधको लागि मुद्दा नचलाइनु पनि अच्चमलाग्दो छ ।"

हिरासतमा हुँदा बालबालिकाहरुले सहनुपर्ने अवस्थाका बारेमा पनि ह्युमन राईट्स वाचले आफ्नो चासो व्यक्त गरेको छ । बालबालिकालाई थुनामा राख्दा सामान्यतया अन्तर्राष्ट्रिय कानूनमा उल्लेख भएअनुरुप वयस्कहरुबाट छुट्टै राखिदैन र परिणामस्वरुप उनिहरु अन्य कैदीहरुबाट पीडित हुने खतरा ज्यादा हुन्छ । बालबालिकाहरु आवश्यक औषधी उपचार र कानूनी सहयोग पाउनबाट पनि बन्चित हुन्छन् र केही वालवालिकाले स्वेच्छाचारी थुनाको लामो अवधि, कहिले काहि धेरै दिन पनि थुनामा विताउनुपर्ने हुन्छ ।

ह्यूमन राईट्स वाचले प्राप्त गरेको एक प्रत्यक्ष कुराकानी एउटा १५ वर्षको केटोको थियो जसलाई जनवरी २००८ मा सुनसरी जिल्लाका तीन फरक प्रहरी चौकीका प्रहरी अधिकारीहरुद्वारा नियमित रुपमा चार दिनको अवधिसम्म दुर्व्यवहार गरिएको थियो । डांका अपराधमा संलग्न रहेको भनी शंकामा गिरफ्तार गरिएका उक्त केटो बताउँछन् :

> "जब मैले तिनीहरुको आरोप अस्वीकार गरें, दुई अपरिचित अधिकारीहरुले हरियो प्लाष्टिक पाइप र बाँसका लट्ठीले मेरो हात, खुट्टा र जिउमा जतातत‍ै हान्न थाले । त्यसपछि, तिनीहरुले मलाई भुँइमा सुत्न र खुट्टा टेवलमा राख्न लगाए र मेरा पैतालामा हान्न थाले । पिट्दै गर्दा, तिनीहरुले 'डकैतीमा को को संलग्न थिए ? तिनीहरुको नाम के हो ? ...' जस्ता केही प्रश्नहरु सोधे । तिनीहरुले मलाई करिव एक घण्टासम्म यातना दिए र केरकार गरे ।"

भोलिपल्ट सो केटोलाई अर्को प्रहरी चौकीमा स्थानातरण गरियो, जहाँ उसका अनुसार उसलाई फेरि दुर्व्यवहार गरियो :

> "पांच वा छ जना अपरिचित प्रहरी अधिकारीले मलाई अघिल्लो दिन जस्तै उही प्रश्नहरु सोधे । म डकैतीमा संलग्न थिईन भन्नासाथै तिनीहरुले प्लाष्टिक पाईप, रड र बाँसको लट्ठीले मेरो शरीर भरि पिट्न थाले । तिनीहरुले मलाई मुक्का र लात्ती हाने, उनिहरुले बूट लगाएका थिए । केही समय पछि, तिनीहरुले मेरो निधारमा बन्दुक राखे र मुठभेडमा परेको भनि गोली हानी मार्ने भन्ने धम्की दिए ।

> त्यसपछि, तिनीहरुले डकैतीमा मेरो संलग्नता स्वीकार्न कर लगाए... तिनीहरुले मलाई भुँईमा सुत्न लगाए र एउटा प्रहरीले बूट लगाएको आफ्नो खुट्टाहरु मेरो छातीमा राख्यो, अर्को प्रहरी मेरो टाउकोमा बस्यो र अर्को प्रहरी अधिकारीले लट्ठीले मेरो पैतला, खुट्टा र सम्पूर्ण शरीरमा पिट्न थाल्यो । त्यसपछि तिनीहरुले मलाई जमिनमा ७ देखि १० मिनेटसम्म उठबस गर्न लगाए र फेरि मलाई पिट्न थाले । मलाई लगातार दुई घण्टासम्म पिटियो र केरकार गरियो ।"

यातनाको शारिरीक प्रमाण नदेखियोस भन्ने मनसायले पीडितहरुलाई उठबस गर्न लगाउनु नेपालमा प्रचलित यातनाको एक तरीका हो ।

ह्युमन राईट्स वाचले नेपाल सरकारलाई प्रहरी यातनामा पूर्णरुपमा प्रतिवन्ध लगाइएको र यातनामा संलग्न जो सुकै प्रहरी अधिकारीलाई कानूनअनुरुप सजाय गरिनेछ भनी स्पष्ट वक्तव्य जारी गरी बाल दिवस मनाउन अनुरोध गरेको छ ।

"यदि सरकारले बाल अधिकारलाई गम्भीररुपमा लिएको छ भने बाल दिवसलाई बालबालिकाविरुद्ध प्रहरी यातनाको भत्सना गर्न र दोषीलाई सजाय दिलाउन प्रयोग गरिनुपर्छ ।", शेप्पर्ड भन्छन् । "नेपाल सरकारले प्रतिवद्धता जनाउनु पर्दछ कि अर्को बाल दिवससम्ममा यातना समानुपातिक सजाय हुने फौजदारी अपराध हुनेछ ।"